# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun


प.स.: २०८१/८२

च.नं.: ४८६

मिति : २०८१/०८/०५

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,

श्री वडा अध्यक्ष ज्यूहरु, सबै

श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

**तपसिल :**

मिति : २०८१/०८/०६ गते

स्थान : बौदीकाली गाउँपालिकाको सभाहल

समय : बिहानको ८:०० बजे

.............................

(उज्वल बहादुर बस्नेत)

प्रमुख प्रशासकीय अधिकृत

उज्वल बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

**मिति २०८१/०८/०६ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. इन्जिनियरको राजिनामा ~~स्वीकृत~~ सम्वन्धमा ।

२. नदिजन्य पदार्थ व्यवस्थापन सम्वन्धमा ।

३. योजना सम्बन्धि अभिमुखीकरण तथा योजना सम्झौता सम्वन्धमा ।

४. विविध विषयका सम्बन्धमा ।

५. कार्यक्रम कार्य फुर्सद

६.

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८१/०८/०६ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष. वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोमगाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल. | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री उज्वल बहादुर बस्नेत | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित उपस्थिति :

१६ श्री मिलन प्रेम ......

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०८/०६ गतेको आ.व. २०८१/०८२ को पाँचौं बैठकका निर्णयहरु :

निर्णय नं.१ :

प्रस्ताव नं. १ माथि छलफल गर्दा बौदीखोलाको प्रारम्भिक वातावरणीय परिक्षण कार्य भईसकेको र तेस्रो पटकसम्म बौदीखोलाबाट नदिजन्य पदार्थको बोलपत्र आव्हान गर्दा कुनै पनि ठेक्का नपरेकोले मिति २०८१/०८/०५ गतको राजस्व परामर्श समितिको निर्णय बमोजिम हुने गरी बौदीखोला स्थित विभिन्न घाटहरु (छेराडकुना क्षेत्र, शेराघाट क्षेत्र, कटुवा क्षेत्र, शेरा पचासे दोभान क्षेत्र) बाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) कर्मचारी वा दैनिक ज्यालादारीमा श्रमिक व्यवस्थापन गरी अमानतबाट प्राविधिक प्रतिवेदनको आधारमा उत्खनन गर्ने निर्णय गरियो । साथै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ अनुसार सम्मानित सर्वोच्च अदालतको मिति २०८१/०७/११ गतेकोको निर्देशनात्मक आदेश प्राप्त भएकोमा पूर्ण पाठ प्राप्त नहुन्जेल सम्मका लागि कालीगण्डकी नदीको IEE भएको विभिन्न क्षेत्रहरुबाट नदिजन्य पदार्थ व्यवस्थापन गर्न अमानत प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं.२ :

प्रस्ताव नं. २ माथि छलफल गर्दा उपभोक्ता समिति तथा जनसमुदायस्थरमा योजना संचालन सम्बन्धी अभिमुखीकरण तथा योजना सम्झौता वडा कार्यालयबाट नै सेवा प्रवाह गर्ने भनी निर्णय गरियो ।

निर्णय नं.३ :

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- बौदीकाली आधारभूत अस्पताल स्थापना र संचालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।
- सुत्केरीका लागि यातायात रकम प्रदान गर्ने कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।
- महिला स्वास्थ्य स्वयंसेविका सम्मान तथा बिदाई कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।
- स्वास्थ्य बिमा प्रोत्साहन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।
- भूमि बैंक सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।
- शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा सम्पादन हुने शैक्षिक विकास कार्यक्रम संचालन मापदण्ड, २०८१ पारित गर्ने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०८/०६ गतेको आ.व. २०८१/०८२ को पाँचौं बैठकका निर्णयहरु :

- आ.व. २०८१/०८२ मा हालसम्म भएको प्रगति समिक्षा र सम्पूर्ण कार्ययोजना सहित शाखा प्रमुखहरुसँग मिति २०८१/०८/२० गते कार्यपालिका बैठक बस्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको राजस्वको दायरा बढाउन र व्यवसायबाट उत्पन्न हुने फोहोर व्यवस्थापनको लागि व्यवसायीहरुसंग छलफल एवं अन्तरक्रिया कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।
- सडक दुर्घटना न्यूनीकरणका लागि बाटो छेउमा रहेका झाडी, बुट्यान तथा निर्माण सामाग्रीहरु हटाउन सूचना प्रेषण गरी जनसमुदायस्तरमा सचेतना जगाउने निर्णय गरियो ।
- बाँदर नियन्त्रणका उपयुक्त प्रणाली अपनाउने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका वडा नं. २, डेढगाउँ, खहरेटोलमा गठन भएको खहरे भजन तथा संस्कृति संरक्षण समूह दर्ता गरी प्रमाणपत्र जारी गर्ने निर्णय गरियो ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प.सं. २०८१/०८२ च.नं. ३१६ मिति २०८१/०७/२७ गतेको प्राप्त पत्रमा माग वमोजिमको विवरण तोकिएको मिति २०८१/०८/१० गते भित्र पठाउने निर्णय गरियो ।
- बौदीकाली-२, डेढगाउँ स्थित डेढगाउँ कोटथर एकता समाजले दिपावलीको अवसरमा संचालन गरेको भलिवल तथा वृहत सांस्कृतिक कार्यक्रम वापत रु. २५,०००/- **"खेलकुद प्रवर्द्धनका लागि खेलाडी प्रोत्साहन कार्यक्रम"** शिर्षकबाट डेढगाउँ प्रिन्ट हाउसको खातामा रकम जम्मा हुने गरी सहयोग गर्ने भनी निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका स्थित सम्पूर्ण झोलुङ्गे पूलहरुको अवस्था चेकजांचको लागि हिकोडेफ संस्थासंग सम्झौता भएतापनि हालसम्म कुनै पनि काम नभएकोले उक्त संस्थालाईलाई ताकेता गर्ने निर्णय गरियो ।
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालनार्थ बौदीकाली-१, किपेनी स्थित आवश्यक पूर्वाधार निर्माणको व्यवस्था मिलाउने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको प्रशासकीय भवन र १५ शैया अस्पतालको निर्माण कार्य सम्पन्न भईसकेको हुँदा प्रधानमन्त्री के.पी. शर्मा ओलीद्वारा उद्घाटन समारोहको लागि द्रुत गतिमा आवश्यक व्यवस्था मिलाउने भनी निर्णय गरियो ।
- नेपाल सरकार, चिकित्सा सेवा आयोग (परीक्षा निर्देशनालय), सानोठिमी, भक्तपुरको मिति २०८१/०७/०९ गतेको चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2025) को छात्रवृत्ति तर्फ BNS/BMS शैक्षिक कार्यक्रमको नतिजा प्रकाशन सम्बन्धी सूचना अनुसार यस कार्यालय अन्तर्गत स्वास्थ्य शाखामा कार्यरत स्टाफ नर्स श्री रक्सन्दा शेरचन र मिथुकरम स्वास्थ्य

चौकीमा कार्यरत अ.न.मी. श्री मिरा दरैले छात्रवृत्ति तर्फ नाम निकाल्न सफल हुनुभएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंलाई मनोनयनका लागि सिफारिस गर्ने भनी निर्णय गरियो ।

- बौदीकाली-१, मचेडी स्थित धर्मात्मा मा.वि. को प्राङ्गणमामा सरल नेपाल बौदीकालीले महिलाहरुको महान चाडपर्व, तिजको उपलक्ष्यमा आयोजना गरेको खुल्ला मौलिक तिज गित तथा नांच प्रतियोगिता कार्यक्रम, २०८१ लाई "चाडपर्व महोत्सवहरुको जगेर्ना" शिर्षकवाट रु. १५,०००/- भुक्तानी दिने निर्णय गरियो।
- बौदीकाली-५, ववकमा मखमली आमा समूहले महिलाहरुको महान चाडपर्व, तिजको उपलक्ष्यमा संचालन गरेको टोल स्तरीय तिज गित प्रतियोगिता, २०८१ लाई "चाडपर्व महोत्सवहरुको जगेर्ना" शिर्षकवाट रु. ३०,०००/- भुक्तानी दिने निर्णय गरियो ।
- बौदीकाली-६, नरममा श्री श्रृजनशील आमा समूहले महिलाहरुको महान चाडपर्व, तिजको उपलक्ष्यमा संचालन गरेको वडा स्तरीय तिज गित प्रतियोगिता, २०८१ लाई "चाडपर्व महोत्सवहरुको जगेर्ना" शिर्षकवाट रु. ३०,०००/- भुक्तानी दिने निर्णय गरियो ।
- बौदीकाली-१, मिथुकरमको खानेपानीको पाईप वाटो स्तरोन्नतिको क्रममा क्षतविक्षत भएकोले मर्मतको लागि प्राविधिक इस्टिमेट वमोजिम वढीमा रु. २५,०००/- विल भरपाई अनुसार रकम भुक्तानी दिने निर्णय गरियो ।
- अध्यक्ष कप खेलकुद प्रतियोगिता, २०८१ खेलकुद संचालन समिति गठन गरी बौदीकाली-२, डेढगाउँ स्थित खर्सानटारमा पौष महिनाको १३ गते शुभारम्भ भई १५ गते समापन गर्ने निर्णय गरियो । खेलका विधाहरु यस प्रकार रहेका छन् :
    - ➢ बौदीकाली वडास्तरीय पुरुष/महिला भलिवल प्रतियोगिता
    - ➢ बौदीकाली वडास्तरीय पुरुष फुटवल प्रतियोगिता
    - ➢ बौदीकाली स्तरीय खुला व्याडमिन्टन (डवल) प्रतियोगिता

खेलकुद संचालन समितिका पदाधिकारी :

- गाउँपालिका अध्यक्ष श्री प्रकाश ओझा — संयोजक
- गाउँपालिका उपाध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगर — सदस्य
- वडा अध्यक्ष श्री अनिल थापा मगर — सदस्य
- वडा अध्यक्ष श्री श्याम सुन्दर श्रेष्ठ — सदस्य

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०८/०६ गतेको आ.व. २०८१/०८२ को पाँचौं बैठकका निर्णयहरु :

- वडा अध्यक्ष श्री तेज बहादुर थापा — सदस्य
- वडा अध्यक्ष श्री मन बहादुर सारु — सदस्य
- वडा अध्यक्ष श्री खिम बहादुर थापा खरु मगर — सदस्य
- वडा अध्यक्ष श्री खुम कुमार सारु — सदस्य
- कार्यपालिका सदस्य श्री टोपलाल रुचाल — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत श्री उज्वल बहादुर बस्नेत — सदस्य
- शिक्षा अधिकृत श्री जीवलाल भुसाल — सदस्य

CamScanner